


# प्रदेश-३



निवेदन बुझाएको लामो समय बितिसक्दा पनि कुनै पनि सुनुवाइ नभएको एकल महिलाको गुनासो रहेको छ।

## ११ महिनामा ५३ महिला बेपत्ता

**नेपाल समाचारपत्र**

नुवाकोट

चालू आर्थिक वर्षको ११ महिनामा नुवाकोटमा ५३ जना महिला बेपता भएको जिल्ला प्रहरी कार्यालय नुवाकोटअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय नुवाकोटमा आर्थिक वर्ष २०७४/७५ मा दर्ता भएका घटनाको विवरणअनुसार गत साउनदेखि जेठ महिनासम्म ९० जना महिला हराएकामध्ये ३७ जना महिलालाई खोजी गरी आफन्तलाई बुझाइएको उल्लेख गरिएको छ। हराइरहेका ५३ जना महिलाको खोजी कार्य जारी रहेको नुवाकोट प्रहरीले जनाएको छ।

यस्तै, जिल्ला प्रहरी कार्यालय नुवाकोटको महिला तथा बालबालिका सेवा केन्द्रकी प्रहरी सहायक निरीक्षक सुकुमाया तामाङले चालू आर्थिक वर्षमा नुवाकोटमा बहुविवाहका ६, मानबबेचबिखन तथा ओसारपसारका ३, सार्वजनिक अपराधका ३, विष सेवनका १६, झुन्डिएर आत्महत्या गरेका १८, भवितब्यका ९, जबरजस्ती करणीका १०, जबरजस्ती करणी उद्योगका ७ वटा घटना दर्ता भएको जानकारी दिइन्। उनले घरेलु हिंसाको उजुरी ६३, मिलापत्र भएको ५३, अदालत गएका ५, कारबाही भइरहेका ५, बालिका हराएको २३ र भेटाएका ११, बालक हराएका १० र भेटाएका ६, कर्तव्य ज्यानका ४ वटा घटना दर्ता भएको बताइन् ।

यस्तै, चालू आर्थिक वर्षमा जिल्ला प्रहरी कार्यालय नवाकोटको महिला तथा बालबालिका सेवा केन्द्र क्षेत्रभित्र लागूऔषध दुर्व्यसनी, सवारी अंगभंग, चोरी, ज्यान मार्ने उद्योग, बोक्सीका आरोपजस्ता घटनाको दर्ता नभएको प्रहरी सहायक निरीक्षक सुकुमाया तामाङले जानकारी दिइन्। पछिल्लो समय नुवाकोट प्रहरीले जिल्ला भित्र अपराधका घटनाहरू हुन नदिन विभिन्न स्थानीय तहमा सचेतनामूलक अभियान सञ्चालन गर्दै आएको छ।

जिल्लाका विभिन्न्न स्थानमा महिला तथा बालबालिकाको क्षेत्रमा समस्या अथवा घटना हुन गएमा नागरिकले जिल्ला प्रहरी कार्यालय नुवाकोटको पैसा नलाग्ने हटलाइन नम्बर १०४ मा फोन गरी उजुरी गर्न सकिने जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ।

## शान्तिका नाममा फैलँदो अशान्ति

### धनीलाई १९ बिचौलियालाई २२ लाख

**मोतीराम तिमल्सिना, काभ्रे**

बुद्ध धर्म मान्नेका लागि बोधिचित्तका दाना महत्त्वपूर्ण मानिएको छ। बोधिचित्तका दानाका प्रकार छन्। फोइको बुद्धचित्त महँगो र धेरै प्रयोग हुन्छ।

हरेक वर्ष जिल्लामा जेठ र असार महिना बोधिचित्तको कारोबार हुने गरेको छ। शान्तिका नाममा फैलँदो अशान्तिप्रति स्थानीय सरकार, निर्वाचित जनप्रतिनिधि र प्रशासन गम्भीर भएका छन्। बोधिचित्तका कारण जिल्लाको शान्ति सुरक्षामा प्रश्न उठ्ने गरेको छ। 'व्यक्तिको भन्दा पनि बोधिचित्तका रूखको सुरक्षा प्रदान गर्नु परेको छ', जिल्ला प्रहरी प्रमुख एसपी रविराज खड्काले भने- 'बोधिचित्तका धनीले एउटै रूखको पटक-पटक करार गरेकाले करार लिनेहरूबीचको विवादले असुरक्षा बढेको हो।'

चालू वर्षमा २ वटा करार भंग भएका छन्। स्थानीयले समेत बोधिचित्तकै कारोबारका कारण असुरक्षित भएको महसुस गरेका छन्। व्यावसायिकरूपमा खेती गर्नेहरू पनि असुरक्षाका कारण निराश बन्न थालेका छन्। स्थानीय सरकार तेमाल र रोशी गाउँपालिकाले बोधिचित्तका बारेमा छुट्टै नीति बनाएर सुरक्षित ढंगबाट व्यावसायिक खेतीको प्रबर्द्धन र स्वतन्त्ररूपले व्यवसाय गर्न पाउने हकको ग्यारेन्टी गराउँदै छन्। जिल्लाको उक्त क्षेत्रमा मात्रै हुने बोधिचित्तका रूखको तथ्यांक संकलन गर्ने कार्यसमेत भइरहेको छ।

साविक शिखरआम्बोटे गाविस हाल रोशी गाउँपालिका वडा नम्बर ३ मा पर्ने ८६ वर्षीया माइली तामाङको कित्ता नम्बर १९८ को जग्गमा रहेका २ वटा रूख र सोही स्थानमा रहेको अर्को बोधिचित्तको रूखसमेत गरी ३ वटा रूख १० वर्षका लागि २०७४ असार १ गते २ करोडमा करार गरिएको थियो। तेमाल मेच्छे घर भएका



भीमबहादुर तामाङले करार गरी लिएका उक्त रूखको दाना निरन्तर १० वर्षसम्म टिप्ने करारनामा पछि विवाद उत्पन्न भयो। माइली तामाङले एक वर्षको दाना मात्रै भीमबादुरलाई दिने भन्दै दुधराज तामाङ, तीर्थ लामा र दमै सिंडिएसलाई दिने सहमति गरिन्। भीमबहादुर उच्च अदालत पुगे। उच्च अदालत पाटनले २०७५ असार १५ गते भीमबहादुरकै पक्षमा आदेश सुनायो। भीमबहादुर सुरक्षासहित दाना टिप्न जाँदा दुधराजको समूहबीच झगडा भयो। ज्यानसमेत जान सक्ने अवस्था भएपछि प्रहरीले दुवै पक्षको सहमतिबिना दाना टिप्न दिएन। ७ केजी दाना प्रहरीको नियन्त्रणमा राखेर प्रहरी रूखमै सुरक्षा दिएर बस्यो।

अन्ततः माइली तामाङलाई भीमबहादुरले असार २० गते राति ४१ लाख रकम बुझाए। त्यही रकमबाट दुधराजको समूहले २२ लाख रुपियाँ लियो। माइली तामाङलाई १९ लाख रुपियाँ मात्रै प्राप्त भयो।

भीमबहादुरले १० वर्षको करार भंग गरे। सुरक्षाका लागि र बिचौलियाले धनी भन्दा धेरै रकम प्राप्त गर्नुपर्ने अवस्थाको अन्त्यका लागि करारनामा च्यातेको भीमबहादुरले बताए। 'आफूले दिएको ४१ लाख रुपियाँमध्ये माइली तामाङले १९ लाख मात्रै प्राप्त गर्नु बिडम्बना हो', भीमबहादुरले भने- 'बिचौलियाकै कारण भएको असुरक्षा र धनी ठगीने कुराको अन्त्यका लागि करारनामा च्यातेर हाताहाती व्यवसाय गरिनुपर्छ।'

८६ वर्षीया माइली सुरक्षाको माग गर्दै गृह मन्त्रालयसम्म पुगेकी थिइन्। प्रहरी प्रशासनलाई बिचौलियाले प्रलोभनको समेत हल्ला चलाएर बदनाम गराउने प्रयास गरेका थिए।

यसअघि साविक सिसाखानी-८ का आइते सिंह तामाङले समेत २ समूहलाई करारनामा गरिदिएपछि उत्पन्न भएको विवादले उग्र रूप लिएको थियो। पहिलो पक्ष मिलन लामाले बुझाएको ४० लाख फिर्ता गरेलगत्तै दोस्रो पक्षका डेमा तामाङको समूहले उक्त दाना प्राप्त गरेको थियो। पहिलो पक्षले आइते सिंहको माइलो छोरालाई बुझाएको ४० लाखमध्ये १५ लाख पहिल्यै फिर्ता गरिसकेको र बाँकी २५ लाख रुपियाँ आइते सिंह र डेमाले साढे १२ लाखका दरले ४ दिनभित्र बुझाउने सहमतिपछि पहिलो पक्षले करार भंग गर्ने सहमति भएको थियो। सहमतिपछि टिपेर थन्क्याएको दाना प्रहरीले डेमालाई बुझाएको थियो।

हरेक वर्ष हुने कारोबारको दबाबका कारण आत्महत्यासमेत गर्ने प्रयास भएको ८६ वर्षीया माइली तामाङले बताइन्। प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले कारोबारी धेरैले एउटै पक्षको करारनामा गर्ने, आफैं अदालत जाने र असुरक्षा उत्पन्न गराउने कार्य भइरहेको बताए। स्थानीय सरकारसँगको समन्वयमा आगामी दिनमा व्यवस्थित गर्ने गरी छलफल शुरू भएको राउतले बताए। खरिद गरिएका सबै दाना स्थानीय सत्यमान लामाले खरिद गरेका छन्। उनी आफैंले खरिद गरेका बोटमा समस्या छैन। 'सीधै रूख मैले खरिद गरेको स्थानमा धनीहरूले वास्तविक मूल्यसमेत प्राप्त गरेका छन्', लामाले भने- 'जहाँ जहाँ बिचौलिया प्रवेश गरी रूखलाई करार गरिएको छ, त्यहीं मात्रै समस्या भएको छ।'

## पार्किङ खुलाउन विकल्पको प्रस्ताव

**नेपाल समाचारपत्र**

हेटौंडा

प्रदेश-३ को राजधानी कायम भइसकेपश्चात् हेटौंडा नगरको चहलपहल राम्ररी बढ्दै गएको अनुभूति गर्न सकिन्छ। बजार विस्तार हुने क्रम बढेसँगै यातायातको चाप पनि त्यसैगरी बढेको भन्दै मकवानपुर उद्योग वाणिज्य संघले हेटौंडा उपमहानगर र जिल्ला ट्राफिक प्रहरी कार्यालयसँगको सहकार्यमा नगरको ट्राफिक व्यवस्थापनमा उल्लेखनीय सहयोग पुर्‍याउँदै आएको छ।

कार्यालय समयमा अत्यधिक सवारी जाम हुन नदिन संघकै पहलमा लोडिङ अनलोडिङका लागि निश्चित समय तोकी सहजीकरण हुँदै आएको छ। नगरबासीले बजारबाट सरसामान खरिद गर्न नगरका तोकिएका स्थानमा एकतर्फीरूपमा आफ्ना दुईपांग्रे सवारीसाधन राख्दै आएका छन्।

यसरी एकतर्फीरूपमा दुईपांग्रे सवारीसाधन राख्दा ट्राफिक जाम भएको र नभोगिएको दाबी गर्दै संघले भनेको छ- 'मुख्यतः ठूला तथा भारी सवारीसाधनलाई जिल्ला प्रहरी कार्यालयबाट बसपार्क हुँदै बाइपासबाट लैजाँदा बजार क्षेत्रमा ट्राफिक व्यवस्थापन गर्न त्यति धेरै समस्या नभएको अवस्थामा हाल ठूला तथा भारी सवारीसाधन नगरभित्रबाट ओहोरदोहोर गरिदिँदा बजारका मुख्य सडकमा ट्राफिक जाम हुन थालेको छ।'

बजार क्षेत्रबाट ठूला तथा भारी सवारीसाधनलाई तोकिएको समयबाहेक प्रवेश निषेध गर्नसके ट्राफिक व्यवस्थापन सहज हुनसक्ने संघको सुझाव छ। वर्षाको समयभन्दा बाहेकको अवस्थामा हेउमनपा, डिभिजन सडक कार्यालय र संघको संयुक्त पहलमा निर्माण गरिएको चौकीटोलदेखि राप्तीपुल हुँदै रातोमाटे निस्कने वैकल्पिकमार्ग स्तरीकरण गरी सञ्चालन गर्नसके नगरको ट्राफिक व्यवस्थापन थप सहज हुने संघ अध्यक्ष कृष्ण कटुवालले बिहीबार विज्ञप्तिमार्फत बताउनुभएको छ।

यति धेरै विकल्प हुँदाहुँदै पनि उपमहानगरबाट विगत केही दिनअघिदेखि राप्तीरोडमा पार्किङ निषेध गर्ने कार्य गरेकोप्रति संघले ध्यानाकर्षण जनाएको छ। व्यवस्थित पार्किङको उचित व्यवस्थापन नहुँदै अस्पताल, ब्लड बैंकदेखि औषधि पसलजस्ता अत्यावश्यक सेवा प्रदायक संघसंस्था रहेको राप्तीरोड क्षेत्रमा यसरी एउटा दुईपांग्रेसमेत रोक्न नपाउने गरी आएको यस कदमले उक्त क्षेत्रका व्यवसायीलाई मात्र नभएर आम सर्वसाधारणलाई पनि अत्यावश्यक सेवा तथा सरसामान खरिद गर्न समस्या पर्न गएको अध्यक्ष कटुवालले बताउनुभयो।

एकतर्फीरूपमा व्यवस्थित गरी बजारमा दुईपांग्रेसम्म सवारीसाधन रोक्न पाउनुपर्ने व्यवसायीसँगै सर्वसाधारणको माग संघमा आएकाले सोहीबमोजिम हुने व्यवस्थाका लागि संघले सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको संघ वरिष्ठ उपाध्यक्ष माधव न्यौपानेले बताउनुभयो।

## 'एकल महिलाको दैनिकी सहज बनाउन आवश्यक'

**नेपाल समाचारपत्र**

नुवाकोट

एकल महिलाको हक, अधिकार र सुरक्षाको क्षेत्रमा उपलब्ध भएको रकम सबै स्थानीय तहको लक्षित वर्गसम्म पुर्‍याई एकल महिलाको दैनिकीलाई सहज बनाउन आवश्यक रहेको सरोकारवालाले बताएका छन्।

मानवअधिकारका लागि महिला, एकल महिलाको आयोजना र अन्तर्राष्ट्रिय सामाजिक संस्था अक्सफामको सहयोगमा भएको एकल महिला सुरक्षा कोष सम्बन्धि अन्तरक्रियामा एकल महिलाले वडामा सीप विकास तथा जीविकापार्जनको क्षेत्रमा बजेट आए पनि आफूलाई जानकारी नहुने बताएका छन्। एकल महिलाले राज्यले उपलब्ध गरेको सेवा सुविधा, हक, अधिकार आफूले सहजरूपमा पाउनुपर्ने माग राख्दै एकल महिला संस्था नुवाकोटमार्फत केन्द्रमा बुझाएको बताएका छन्। तर निवेदन बुझाएको लामो समय बितिसक्दा पनि कुनै पनि सुनुवाइ नभएको एकल महिलाको गुनासो रहेको छ।

राज्यले श्रीमान्को मृत्यु भएका, सम्बन्धविच्छेद गरेका, श्रीमान्ले ५ वर्षभन्दा बढी समयदेखि हराएका वा बेपत्ता भएका, पैतीस वर्ष उमेर पूरा गरेका अविवाहित महिला र अंशबन्डा गरी वा माना छुट्टिई श्रीमान्सँग अलग बसेका महिलालाई एकल महिलाको वर्गमा राखेको र राज्यले उनीहरूको हक, अधिकार र सेवा सुविधा उपलब्ध गराएको छ। तर ग्रामीण भेगका अधिकांश एकल महिलाले आफूले पाउने हक अधिकारबाट अझै पनि अनविज्ञ रहेको बताएका छन्।

एकल महिलाको सुरक्षा कोष विषयक अन्तरक्रियामा नुवाकोटका प्रमुख जिल्ला अधिकारी उद्धबहादुर थापाले नेपाल सरकारले एकल महिला सुरक्षा कोषका लागि केही रकम छुट्टाएको र यो रकम एकल महिलाको सीप विकास, स्वास्थ्य, शिक्षा, औषधि उपचार लगायतको क्षेत्रमा मात्र खचिर्नुपर्ने व्यवस्था रहेको बताउनुभएको छ। प्रमुख जिल्ला अधिकारी थापाले एकल महिलाको आवश्यकता सबै क्षेत्रमा धेरै रहेको र एकल महिला सुरक्षा कोषको लागि छुट्याएको रकम अत्यन्त न्यून रहेकाले सरकारले अहिले ती सबै आवश्यकतालाई परिपूर्ति गर्न सम्भव नरहेको स्पष्ट पार्नुभएको छ। उहाँले एकल महिला समाजमा आर्थिक, समाजिक र धार्मिकरूपले बहिष्कृत हुनुपरेको भन्दै यस्तो किसिमको भेदभावलाई अन्त्य गर्न सामाजिक संघसस्थालगायत सरकारको तिनै तह सक्रिय भएर लाग्न आवश्यक रहेको बताउनुभएको छ।

यस्तै, अन्तरक्रियामा बिदुर नगरपालिकाका प्रमुख सञ्जु पण्डितले एकल महिलाको क्षेत्रमा नगरपालिकाले आवश्यकताअनुरुप बजेट छुट्याएको बताउनुभएको छ। विदुर नगरपालिकाका प्रमुख पण्डितले आर्थिक स्तरोन्तिका लागि व्यवसाय गर्न, सीप सिक्न, शिक्षा आर्जन गर्न चाहने एकल महिलाका लागि स्थानीयस्तरबाट आवश्यक पहल गर्ने बताउनुभएको छ। उहाँले स्थानीय तहमा एकल महिलाको क्षेत्रमा काम गर्न आएका अन्तर्राष्ट्रिय सामाजिक संस्थाले नगरपालिकासँगको समन्वयनमा प्रभावकारी र पारदर्शी ढंगले काम गर्नुपर्ने बताउनुभएको छ। यस्तै, कार्यक्रममा विदुर नगरपलिकाकी उपमेयर गीता दाहालले वास्तविक एकल महिलाको तथ्यांक तयार गरी सांगठनिकरूपमा अबका दिनमा आर्थिक, सामाजिक, राजनैतिक क्षेत्रमा एकल महिला अग्रसर भएर लाग्नुपर्ने बताउनुभएको छ। विदुर नगरपलिकाका उपमेयर दाहालले सबै स्थानीय तहमा एकल महिला संस्थाका प्रतिनिधिलाई परिचालन गरी एकल महिलालाई शिक्षित, व्यावसायिक र आत्मनिर्भर बनाउन आवश्यक रहेको बताउनुभएको छ।

२०६३ देखि नुवाकोटमा मानवअधिकारका लागि महिला एकल महिला संस्था दर्ता गरेको जानकारी गराउँदै एकल महिला नुवाकोटका अध्यक्ष देवकी पौडेलले एकल महिलाको सीप तथा क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभएको छ। उहाँले महिला तथा बालबालिका कार्यालय, नगरपालिकालगायत विभिन्न सामाजिक संघसंस्थासँगको सहयोगमा जिल्लाका एकल महिलालाई स्वाबलम्वी बनाउने उद्देश्यले बाख्रा, कुखुरा पालन, क्रिस्टल माला, साबुन बनाउने, कपडा सिलाउने तालिम सञ्चालन गर्दै आएको बताउनुभएको छ।

## गुजुल्टिएका तारले गिज्याउँदै हेटौंडा

**नेपाल समाचारपत्र**

हेटौंडा

हेटौंडामा धेरै कुरा भद्रगोल छन्, जसले बजारको सौन्दर्य कुरुप बनाएको छ। बजारलाई कुरुप बनाइरहेका धेरै कुरामध्ये एक हो जथाभावी टाँगिएका तार।

जतासुकै लत्रिएका र गुजुल्टिएका तारले हेटौंडालाई कुरुप बनाइरहेको छ। कुरुप मात्र होइन, दुर्घटनाको जोखिम पनि बढाइरहेको छ। कथाहरूमा वर्णन गरिएका शिवजीका जटाझैं बेरिएका तारका गुजुल्टाले हेटौंडा 'तारटौंडा' बनेको छ।

मन्दिरका गजुर, बजारमा रहेका अशोकको रूखहरूमा मात्र होइन घरकै भित्ता र झ्यालढोका पनि तारले ढाकिएका वा छेकिएका छन्। रङरोगन लगाएर चिटिक्क पारिएका घरलाई पनि तारले गिज्याइरहेजस्तो देखिन्छ। कतै टेलिफोनका, त कतै इन्टरनेट र केवल टीभी प्रदायकका तार। माकुराको जालोजस्तै हुँदा पनि यसको व्यवस्थापन गर्न कसैले चासो देखाएको पाइँदैन।

मानस चोकनजिक घरको छेउमै ट्रान्सफर्मर छ। घरअगाडि फलामे होर्डिङबोर्ड झुन्डयाइएको छ। होर्डिङबोर्डलाई छुने अवस्थामा छ ट्रान्सफर्मर। बेला-बेलामा धेरै लोडका कारण पड्किरहने ट्रान्सफर्मर मर्मत गर्न आउँदा पनि त्यसको जोखिमबारे विद्युत् प्राधिकरणका कर्मचारीले बेवास्ता गरेको सजिलै देख्न सकिन्छ। यतिमात्र नभएर, कुरुप तारका संरचनाले प्रदेश-३ को राजधानी आउने मानिस पनि खिन्न छन्।

यसरी बिजुलीका खम्बा अव्यवस्थित हुँदा र बीच सडकमा तार जडानका कारण दुर्घटनाको जोखिम बढिरहेको देखिन्छ। उपभोक्ताको के को तार कुन हो भनेर ठम्याउनसमेत धौ-धौ पर्ने गरी तानिएका खुला र गन्जागोल तारमा अल्झेर चरा त मर्ने गरेका छन् नै, मर्मत गर्न जाने



कर्मचारीलाई पनि जोखिम हुने गरेको छ।

नेपाल विद्युत् प्राधिकरण हेटौंडाले चोरीको लाइन कुन हो भनी थाहा पाउने अवस्था नभएको बताएको छ। 'पोल त हाम्रै हो, तर पनि हामी केही गर्न सक्दैनौं' -उनीहरू भन्छन्। विद्युत् प्राधिरकण र टेलिकमसँग अनुमति नलिई उनीहरूको पोलमा विभिन्न दूरसञ्चार सेवा प्रदायकले आफ्ना तार र उपकरण झुन्डयाउने गरेका छन्।

शहरी क्षेत्रमा तार अन्डरग्राउन्ड गर्न सकिए अहिले कुरुप भएको शहरको सौन्दर्य प्रबर्द्धधनमा पनि योगदान पुग्नेछ। सँगै अहिले तार जलेर हुने गरेका दुर्घटनामा पनि कमी आउनेछ।

हेटौंडामा तार व्यवस्थापन काम अपरिहार्य भएको छ। पोलहरूले भारभन्दा बढी तार र दूरसञ्चार उपकरणको भार थेगेर बसेका छन्। जथाभावी तार टाँग्दा दुर्घटनाको जोखिम बढेको छ। टेलिकम र इन्टरनेटका केबल टेलिभिजनका तार पनि समस्याका रुपमा छन्।

इन्टरनेट सेवाप्रदायक, केबल अपरेटर्स एवं सेवाप्रदायकले टेलिकम र प्राधिकरणकै पोलबाट सेवा प्रवाह गरिरहेका छन्। २०७१ सालमै सरकारको तार हटाउन गरेको प्रयास असफल भएको थियो। त्यसपछि पनि पटक-पटकको प्रयासमा सेवाप्रदायकले बेवास्ता गरेका छन्।

एउटा निकायले अर्कोसँग समन्वय नगरी तार तान्ने, भएकै तारलाई पनि व्यवस्थित नगर्ने, तारको अन्डरग्राउन्ड प्रयोग नभएकालगायत कारण हेटौंडाको सौन्दर्य बिग्रिएको छ।

केबल अपरेटर्स र इन्टरनेट सेवाप्रदायकका आफ्ना पोल छैनन्। टेलिकमले एउटै तारबाट ७२ वटासम्मलाई सेवा दिनसक्ने अवस्था छ। कम्पनीसँग सहकार्य गर्ने र नयाँ पूर्वाधार कम्पनीलाई नै तार पनि भूमिगत गर्ने जिम्मा दिए अहिलेको समस्या ५० प्रतिशत समाधान हुने दाबी छ।

२०७५, असार
शनिबार
२३

उन्नत जातका गाई आर्थिक अभावबाट गाई खरिद गर्न नसक्नेलाई वितरण गर्दा राहत पुगेको नगरप्रमुख बडुवालको भनाइ रहेको छ।

# नेपाल

## आधुनिक हतियारको गोलीसहित पाँच पक्राउ

इन्द्र गिरी, संखुवासभा

संखुवासभाका विभिन्न स्थानबाट आधुनिक हात हतियार र गोलीसहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीले थ्रिनट थ्रि राइफल, आधुनिक पेस्तोल, त्यसको गोली, विस्फोटक पदार्थसहित उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालयमा पत्रकार सम्मेलन आयोजना गरी उनीहरूलाई सार्वजनिक गरिएको छ। पक्राउ पर्नेमा सिलिचोङ गाउँपालिका-५ वाङतेवाका केदार राई, चिचिला-२ का सुरेन्द्र राई, सिलिचोङ-४ का पूर्णकुमार राई, सिलिचोङ-४ का सूर्यबहादुर राई र भारत बिहारकाका मोहम्मद मुन्ना खान पक्राउ परेका प्रहरी नायव उपरीक्षक श्यामकुमार सारुमगरले बताउनुभयो।

सिलिचोङ गाउँपालिका-५ का केदार राईको साथबाट यूएसए लेखिएको पेस्तोल, १४ राउन्ड गोली, २ थान म्यागजिन र १ थान भरुवा बन्दुकसहित खाँदबारीको मानेभज्याङबाट पक्राउ गरेको थियो। त्यस्तै प्रहरीले चिचिला-२ का सुरेन्द्र राईलाई २ थान थ्रिनट थ्रि राइफल र त्यसको गोलीसहित पक्राउ गरेको बताइएको छ। उनले घरनजिकै ओढारमा राइफल लुकाई राखेको अवस्थामा पक्राउ



गरिएको प्रहरी नायव उपरीक्षक शारुमगरले बताउनुभयो।

त्यस्तै सिलिचोङ-४ का पूर्णकुमार राइको साथबाट १ थान कटुवा पेस्तोल त्यसको १० राउन्ड गोली र गोलीको खोकाभित्र राखिएको विस्फोटक पदार्थ, तार जडित डेटोनेटर, त्यसको खाली कभर २ थान, एन्टेना जोडिएको सेतो रंगको रिमोट पनि सार्वजनिक गरेको छ। उनीसँगै पक्राउ परेका सूर्यबहादुर राईले पूर्णकुमार राइलाई राख्न दिएको बताइएको छ। कटुवा पेस्तोल भने उनीलाई भारतीय नागरिक मुन्ना खानले भारतबाट ल्याई ६५ हजारमा बिक्री गरेको खुलेपछि विराटनगरबाट खानलाई प्रहरीले पक्राउ गरेको जानकारी गराइएको छ।

पक्राउ परेका पाँचै जनालाई हातहतियार खर खजना ऐन र विस्फोटक पदार्थ ऐन अन्तरगत कारबाही अगाडि बढाइएको र जिल्लामा अझै पनि अवैध हातहतियार हुन सक्ने आशंकामा थप अनुसन्धान अगाडि बढाइएको प्रहरी नायव उपरीक्षक शारुमगरले बताउनुभयो।

## कञ्चनपुरका पशुचौपाया बाजुरामा वितरण

दयाराम पण्डित, बाजुरा

कञ्चनपुरका पशुचौपाया बाजुराको बडिमालिका नगरपालिकामा व्यवस्थापन गरिएका छन्। बजारमा छोडिएका पशु चौपायालाई बाजुरामा ल्याएर नगरपालिकाका ९१ परिवारलाई १/१ गाई र बहर वितरण गरिएको बडिमालिका नगरपालिका पशु शाखा बाजुराका प्रमुख शंकर सिंहले जानकारी दिएका छन्।

सिंहका अनुसार शुक्लाफाँटा नगरपालिका र भीमदत्त नगरपालिकाबाट गत साता ८४ गाई र ७ वटा बहर ल्याएर वितरण गरिएको हो। गाईलाई विभिन्न रोग लागेको हुनसक्ने भएकाले ती गाईलाई उपचारपछि मात्र बाजुरा ल्याइएको सिंहले बताएका छन्। बजारमा छाडा छोडिएका उक्त गाई बाजुरामा व्यवस्थापन गर्नका लागि प्रदेश सरकारको निर्णयसहित बडिमालिका नगरपालिकालाई पत्र पठाएको बडिमालिका नगरपालिकाका नगरप्रमुख पदम बडुवालले बताए।

उनले किसानलाई उन्नत जातका गाई ल्याएर वितरण गरिएको बताए। उन्नत जातका गाई आर्थिक अभावबाट गाई खरिद गर्न नसक्नेलाई वितरण गर्दा राहत पुगेको नगरप्रमुख बडुवालको भनाइ रहेको छ।

आगामी वर्ष आर्थिक अभाव भएका कृषकलाई निःशुल्क वितरण गर्ने कार्यक्रम रहेको बताइएको छ। नगरपालिकाले नदिँदा उक्त वडा भने उन्नत जातका गाई वितरणबाट वञ्चित भएको छ। अन्य ८ वटै वडामा उक्त गाई तथा बहर वितरण गरिएको छ।



कञ्चनपुरबाट ल्याइएका ९१ गाईको निःशुल्करूपमा पशु शाखाले पशु बीमा गर्ने शाखा प्रमुख सिंहले जानकारी दिएका छन्।

यसअघि भैंसीलाई पोषण भत्ता दिने कार्यक्रम पनि ल्याएको थियो। बडिमालिका नगरपालिका वडा नं. ३ ले सिफारिस छिटो

'कञ्चनपुरमा छाडा चौपायालाई चेकजाँच गरी निरोगी बस्तुभाउ बाजुरा ल्याई यहाँका किसानलाई वितरण गरेका छौं' -नगरप्रमुख बडुवालले भने।

## अस्पतालमा मौसमी बिरामीको चाप

डोटी, (नेस)

वर्षायाम लागेसँगै डोटी जिल्ला अस्पतालमा बिरामीको चाप बढेको छ। अस्पतालमा मौसमी बिरामी यो समयमा बढी पुग्ने गरेका हुन्। दैनिकजसो ६० देखि ७० जना बिरामी अस्पतालमा उपचारका लागि आउने गरेको जिल्ला अस्पताल डोटीका डाक्टर विवश पराजुलीले बताउनुभयो।

डाक्टर पराजुलीका अनुसार छातीसम्बन्धी, झाडापखाला, आउँ, पेट दुख्नेलगायतका बिरामी अस्पतालमा बढी आउने गरेका छन्। यस्तै ज्वरो, रूघाखोकीका बिरामी पनि धेरैजसो यो समयमा अस्पतालमा उपचारका लागि पुग्ने गरेको डाक्टर पराजुलीले बताउनुभयो। उहाँले भन्नुभयो- 'वर्षायाममा मौसम परिवर्तन हुने भएकाले अघिपछिको तुलनामा धेरै बिरामी हुने गरेका छन्, खानपान, सरसफाइलगायतका कुरामा ध्यान दियो भने यस्ता रोगबाट बच्न सकिन्छ।'

यो समयमा पिउने पानीमा विशेष ध्यान दिनुपर्ने उहाँको भनाइ छ। यसका साथै जिल्लाका विभिन्न स्थानमा शुद्ध खानेपानीको समेत अभाव भएका कारणले बिरामी बढ्न थालेको जिल्ला स्वास्थ्य कार्यालय डोटीले जनाएको छ। जिल्ला अस्पताल डोटीमा आउने बढीजसो बिरामीमा महिला, बालबालिका तथा वृद्धवृद्धा रहेका छन्।

गर्मी समयमा जिल्लाका अधिकांश स्थानमा पानीको अभाव हुँदा सरसफाइमा ध्यान नदिँदासमेत बिरामीको संख्या बढ्दै गएको बताइएको छ। जिल्ला अस्पतालमा मात्रै नभएर जिल्लाका अन्य स्वास्थ्य संस्थामा समेत बिरामीको संख्या बढ्दै गएको सम्बन्धित स्वास्थ्य संस्थाले जनाएका छन्। गर्मी मौसममा खानपिन र सरसफाइमा विशेष ध्यान दिन स्वास्थ्यकर्मीको सुझाव छ।

## 'डा. केसीको भूमिका रहस्यपूर्ण'

विराटनगर, (नेस)

नेकपाका वरिष्ठ नेता एवं पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले डा. गोविन्द केसीको भूमिका रहस्यपूर्ण रहेकाले उहाँको माग सम्बोधन गर्न गाह्रो भएको बताएका छन्।

शुक्रबार बिहान विराटनगरमा सञ्चारकर्मीसँग कुरा गर्दै वरिष्ठ नेता नेपालले मनमोहनको नामका संस्था बन्द गर्ने र विद्यार्थीलाई विदेश पठाउने नियत देखिएको बताए। उनले डा. केसीलाई अनसन त्यागेर शिक्षा र स्वास्थ्यका समस्या समाधान गर्न वार्तामा आउन आग्रह पनि गरेका छन्। उनले शिक्षा र स्वास्थ्य क्षेत्रमा भइरहेको व्यापारीकरण रोक्नुपर्ने बताउँदै सरकारले विस्तारै जनताको शिक्षा र स्वास्थ्यको दायित्व लिने पनि बताए।

उनले संक्रमणकालमा गरिने निर्णय सहमति र सहकार्यमा नगर्ने गरिएकाले यस्ता समस्या आउने बताए। उनले तदर्थरूपमा गर्ने कार्यले सरकार सञ्चालनमा अफ्ठ्यारो पर्ने भएकाले यस्ता प्रवृत्ति बदल्नुपर्ने धारणा व्यक्त गरे।

## नगरपालिकामा तालाबन्दी

बाजुरा, (नेस)

नेपाल कम्युनिस्ट पार्टी समर्थक ५ वडाअध्यक्षले बडिमालिका नगरपालिकाको कार्यालयमा शुक्रबार बिहानदेखि तालाबन्दी गरेका छन्। हालै हुने भनिएको तेस्रो नगरसभालाई अवरुद्ध गर्नका लागि तालाबन्दी गरेको वडाअध्यक्ष डम्मर महतले बताए।

नगरपालिकाले नीति कार्यक्रममा बजेट बस्तीस्तरका योजना समावेश नगरेको र एमालेबाट विजयी वडाअध्यक्षको भागमा बजेट कम दिएको भन्दै तालाबन्दी गरेको उनीहरूले बताए। जनहित तथा दीर्घकालीन विकास योजनालाई प्राथमिकता दिएको तर आफूलाई विपक्षी ठान्ने ५ जना वडाअध्यक्षले तालाबन्दी गरेको नगरप्रमुख पदम बडुवालले बताए।

## घूससहित इन्जिनियर पक्राउ



रौतहट, (नेस)

रौतहटको सदरमुकाम गौरमा रहेको जिल्ला प्राविधिक कार्यालयका एक इन्जिनियर शुक्रबार पक्राउ परेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय हेटौंडाका शाखा अधिकृत तीर्थराज उपाध्याय नेतृत्वको टोलीले प्राविधिक कार्यालयका इन्जिनियर अजयकुमार ठाकुरलाई घूस रकमसहित पक्राउ गरेको हो।

उपभोक्ता समितिसँग ४५ हजार घूस लिँदै गरेको अवस्थामा इन्जिनियर ठाकुरलाई आयोगको टोलीले रंगेहात पक्राउ गरेको हो। रौतहटको फतुवाविजयपुर नगरपालिका-८मा रहेको सरस्वती प्राथमिक विद्यालयको भवनमा रङरोगन, पर्खाल र बाटो निर्माणका उपभोक्ता समितिसँग अन्तिम बिल भुक्तानीका लागि ४५ हजार घूस रकम लिँदै गर्दा इन्जिनियर ठाकुर पक्राउ परेका हुन्।

उक्त भवन मर्मतसहित पर्खाल निर्माणका लागि फतुवा विजयपुर नगरपालिकाबाट ३ लाख र ८ नम्बर वडा कार्यालयबाट ५ लाख रुपियाँ विनियोजन गरेर उपभोक्ता समितिमार्फत निर्माण कार्य गराइएको ८ नम्बर वडाका अध्यक्ष उमाशंकर साहले बताउनुभयो।

## मौसमी बिरामी बढे

बैतडी, (नेस)। वर्षायाम लागे संगै बैतडी जिल्ला अस्पतालमा बिरामीको चाप बढेको छ। अस्पतालमा मौसमी बिरामीहरू यो समयमा बढी पुग्ने गरेका हुन्। दैनिक जसो ६० देखी ७० जना बिरामी अस्पतालमा उपचारको लागी आउने गरेका मेडीकल अधिकृत डाक्टर देवेन्द्र लेखकले बताउनुभयो। डाक्टर लेखकका अनुसार छातीसम्बन्धी, झाडापखाला, आउँ, पेट दुख्ने लगाएतका बिरामी अस्पतालमा बढी आउने गरेका छन्। यस्तै ज्वरो, रुघाखोकीका बिरामी पनी धेरै जसो यो समयमा अस्पतालमा उपचारको लागी पुग्ने गरेका डाक्टर लेखकले बताउनुभयो। उहाँले भन्नुभयो" वर्षायाममा मौसम परिवर्तन हुने भएकोले अघिपछीको तुलनामा धेरै बिरामी हुने गरेका छन्"

खानपान, सरसफाई लगाएतका कुरामा ध्यान दिनाले यस्ता रोगबाट बच्न सकिने डाक्टर लेखकको भनाई छ। यो समयमा पिउने पानीमा विशेष ध्यान दिनुपर्ने उहाँको भनाई छ।

**प्रारम्भिक वातावरणीय परिक्षणको लागि प्रकाशित**
**१५ दिने सार्वजनिक सूचना**

जिल्ला सुनसरी गढी गाउँपालिका वार्ड नं. २ (साविक औरावनी ५घ) को कि. नं. २, ३, ४, ५, ६, ७, ८, ९, १५, १६, १७, २२९, २३०, ३३५, ३३६, २८१ मा इटा उत्पादन गर्ने उद्देश्यले उद्योग स्थापना गर्न लागिएको हुँदा उपरोक्त उद्देश्यको उद्योगले त्यस क्षेत्रको सामाजिक, आर्थिक, साँस्कृतिक, भौतिक, रासायनिक र जैविक पक्षमा पार्न सक्ने प्रभाव सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलको स्थानमा लिखित राय सुझाव भए दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**राय सुझाव दिने स्थान**
१. गढी गाँउपालिका वार्ड नं.२, सुनसरी
२. घरेलु तथा साना उद्योगको कार्यालय इटहरी, सुनसरी

**प्रस्तावकको नाम:**
राम नारायण यादव समेत
गढी गाँउपालिका वार्ड नं.२, सुनसरी

Government of Nepal
**Ministry of Federal Affairs and General Administration**
**Department of Local Infrastructure Development and Agricultural Roads**
**Suspension Bridge Division**
Shreemahal, Pulchowk, Lalitpur

**REQUEST FOR PROPOSAL OF CONSULTING SERVICES**

Date of Publication: 2075/03/23

Name of Contract: **Consultancy Services for Preparation of DPR of Various Bridges**
Identification No: EP- 29-56/074/75

The Department of Local Infrastructure Development and Agricultural Roads, Suspension Bridge Division, Shreemahal Pulchowk, Lalitpur invites proposals to provide the consulting services. The main objective of the consulting services is to perform detailed engineering survey, design and cost estimation of various Trail Bridges at Different Districts. Details of the services are provided in the Terms of Reference (TOR).

The consulting firms are advised to take note of the information provided hereunder for submission of their proposal.

1.1. Eligible anwd interested consulting firms may obtain detailed Request for Proposal (RFP) on submission of written request and upon payment of non-refundable cash fee of NRs. 500 (Five hundred only) for each RFP from Suspension Bridge Division (SBD) Shreemahal, Pulchowk, Lalitpur. The last date of RFP procurement is 2075/04/20 within office hours.
1.2. Proposals should be submitted to Suspension Bridge Division (SBD) Shreemahal, Pulchowk, Lalitpur on or before 12:00 PM on 2075/04/ 21.
1.3. The consulting firms shall submit technical and financial proposals under a two envelope system, a separate wax sealed envelope for each type of proposal (Technical and Financial) clearly mentioning the package identification number on envelope. The two sealed envelopes shall be again enclosed in one wax sealed envelope clearly mentioning the package identification number on that outer envelope.
1.4. The pre proposal meeting is scheduled on 2075/04/10 at 1.00 PM at Suspension Bridge Division (SBD) Shreemahal, Pulchowk, Lalitpur, where clarification and queries on RFP could be obtained. The interested consulting firms who have already purchased the RFP are eligible to attend the pre-proposal meeting.
1.5. The opening of submitted technical proposals will be held on 2075/04/21 at 1:00 PM at Suspension Bridge Division (SBD) Shreemahal, Pulchowk, Lalitpur in the presence of interested consulting firms who submitted their proposals. Absence of any or all consulting firms at opening time will not hamper the opening procedure.
1.6. In case the last date of Procurement and submission falls on government holiday then procurement submission can be done on same mentioned time of next working day.
1.7. A single firm or JV firm cannot submit the RFP for more than two Packages.
1.8. Proposals must remain valid for 90 days after the submission date.
1.9. Consultant selection method will be Quality and Cost based selection (QCBS).
1.10. All the rights as to whether to accept or reject the proposal partially or fully are reserved to Suspension Bridge Division (SBD) Shreemahal, Pulchowk, Lalitpur.

| S.N. | Package no. | Districts | No. of Bridges |
|---|---|---|---|
| 1 | EP-29/074/75 | Taplejung, Jhapa | 5 |
| 2 | EP-30/074/75 | Jhapa, Morang, Sunsari | 5 |
| 3 | EP-31/074/75 | Bhojpur, Khotang, Udaypur | 5 |
| 4 | EP-32/074/75 | Okhaldhunga, Sindhuli | 4 |
| 5 | EP-33/074/75 | Boteni Sindhureghat Multispan Trail Bridge, Sindhuli | 1 |
| 6 | EP-34/074/75 | Barhabise Panchakanya Multispan Trail Bridge, Sindhuli | 1 |
| 7 | EP-35/074/75 | Ramechhap, Sindhupalchowk, Bhaktapur | 4 |
| 8 | EP-36/074/75 | Lalitpur, Nuwakot, Dhading | 5 |
| 9 | EP-37/074/75 | Makawanpur, Rautahat | 3 |
| 10 | EP-38/074/75 | Gorkha, Tanahun | 4 |
| 11 | EP-39/074/75 | Kaski, Mustang, Tanahun | 5 |
| 12 | EP-40/074/75 | Myagdi, Parbat, Baglung | 4 |
| 13 | EP-41/074/75 | Baglung, Gulmi | 5 |
| 14 | EP-42/074/75 | Nawalparasi, Kapilvastu | 5 |
| 15 | EP-43/074/75 | Arghakhanchi, Palpa | 5 |
| 16 | EP-44/074/75 | Pyuthan, Arghakhanchi | 5 |
| 17 | EP-45/074/75 | Pyuthan, Rolpa | 5 |
| 18 | EP-46/074/75 | Rukum Purba, Rukum Paschim | 5 |
| 19 | EP-47/074/75 | Dang | 4 |
| 20 | EP-48/074/75 | Banke, Bardiya, Kailali | 5 |
| 21 | EP-49/074/75 | Surkhet, Dailekh, Salyan | 5 |
| 22 | EP-50/074/75 | Jajarkot, Dolpa, Humla, Bajura | 5 |
| 23 | EP-51/074/75 | Bajhang, Doti | 5 |
| 24 | EP-52/074/75 | Kailali, Kanchanpur | 5 |
| 25 | EP-53/074/75 | Dadeldhura, Darchula | 5 |
| 26 | EP-54/074/75 | Rukum Purba | 4 |
| 27 | EP-55/074/75 | Hunuman nagar Gobargada Multispan Trail Bridge, Saptari | 1 |
| 28 | EP-56/074/75 | Rukum Purba, Nawalparasi, Bardiya, Kailali | 5 |

Project Chief